
मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

धेरै **टिकटक** हेर्नुहुन्छ ?
हुन सक्छन् यस्ता समस्या: पृष्ठ २मा




◆ वर्ष : ३२ ◆ अङ्क : ९९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ फागुन १२ गते मंगलबार (Tuesday, 24 February. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

# झापा २मा उम्मेदवार–मतदाता प्रत्यक्ष संवाद




**झापा, फागुन ११।** प्रतिनिधिसभा निर्वाचनलाई केन्द्रमा राख्दै झापा क्षेत्र नम्बर २का उम्मेदवारहरूबीच मतदातासँग प्रत्यक्ष संवाद (ककस) कार्यक्रम सम्पन्न भएको छ ।

लोकतान्त्रिक अभ्यासलाई व्यवहारमै बलियो बनाउने उद्देश्यसहित बिर्तामोडमा आयोजित कार्यक्रममा उम्मेदवारहरूले आफ्ना चुनावी दृष्टिकोण सार्वजनिक गर्दै मतदाताका जिज्ञासाको सामना गरेका थिए ।

वीरता जेसीज, अर्जुनधारा जेसीज, बुधबारे जेसीज र सुरुङ्गा जेसीजको संयुक्त आयोजना तथा संवाद समूहको संयोजन र सहजीकरणमा सम्पन्न कार्यक्रमले निर्वाचनलाई केवल राजनीतिक प्रतिस्पर्धा मात्र नभई सार्वजनिक जवाफदेहिताको अभ्यासका रूपमा स्थापित गर्ने प्रयास गरेको आयोजकहरूले बताएका छन् । मतदातालाई उम्मेदवारका एजेण्डा प्रत्यक्ष सुन्ने अवसर उपलब्ध गराउँदै जिम्मेवार राजनीतिक संस्कार विकास गर्ने लक्ष्य कार्यक्रमको रहेको प्रमुख अतिथि नेपाल जेसीजका राष्ट्रिय अध्यक्ष जीवन कार्कीले बताए ।

उनले लोकतन्त्रको सुदृढीकरणमा युवाको सक्रिय सहभागिता अपरिहार्य रहेको बताए । निर्वाचन प्रतिनिधि चयन गर्ने औपचारिक प्रक्रिया मात्र नभई सक्षम र उत्तरदायी नेतृत्व छनोट गर्ने महत्वपूर्ण अवसर भएको उल्लेख गर्दै उनले मतदातालाई सचेत, विवेकपूर्ण र जिम्मेवार मतदान गर्न आग्रह गरे । उम्मेदवारहरूले जनतासामु गरेका प्रतिबद्धता व्यवहारमा कार्यान्वयन हुनुपर्नेमा उनले जोड दिएका थिए ।

संवाद कार्यक्रममा विभिन्न राजनीतिक दल तथा स्वतन्त्र समूहका उम्मेदवारहरूको सहभागिता रहेको थियो । प्रतिनिधिसभाका लागि झापा क्षेत्र नं. २का उम्मेदवारहरु नेपाली कांग्रेसबाट सरिता प्रसाई, राष्ट्रिय स्वतन्त्र पार्टीबाट इन्दिरा राना मगर, नेपाली कम्युनिष्ट पार्टीबाट धर्मशीला चापागाँईं, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट भद्रप्रसाद नेपाल, नेकपा (माओवादी) विप्लव समूहका अर्जुनकुमार पाण्डे, उज्यालो नेपाल पार्टीबाट चूडाकर्ण बेघा तथा स्वतन्त्र उम्मेदवारका रूपमा डा. युवराज संग्रौलाले आफ्नो एजेन्डा प्रस्तुत गर्दै मतदाताको जिज्ञासाको जवाफ दिएका थिए ।

उम्मेदवारहरूले आ–आफ्ना चुनावी एजेण्डा प्रस्तुत गर्दै झापा–२ को समग्र विकासका लागि शिक्षा र स्वास्थ्य सेवाको सुधार, कृषि आधुनिकीकरण, औद्योगिक विकास, पूर्वाधार विस्तार, रोजगारी सिर्जना, उद्यमशीलता प्रवर्द्धन

(बाँकी अन्तिम पृष्ठमा)

## पालिकाका जनप्रतिनिधिलाई चुनाव प्रचारमा नजान आग्रह




**काठमाडौँ, फागुन ११।** निर्वाचन आयोगले स्थानीय तहका जनप्रतिनिधिलाई निर्वाचन प्रचारप्रसारमा सहभागी नहुन आग्रह गरेको छ ।

निर्वाचनमा स्वतन्त्रता, स्वच्छता, निष्पक्षता, पारदर्शिता, मितव्ययिता तथा भयमुक्त वातावरण कायम राख्न आयोगले सो आग्रह गरेको हो । निर्वाचन आचारसंहिता–२०८२ लागू गरेको विषय उल्लेख गर्दै आयोगले सो आचारसंहिताको पूर्णपालना गर्नु सरोकारवाला पक्षको दायित्व भएको स्मरण गराएको छ ।

सबै राजनीतिक दल, उम्मेदवार तथा सम्बन्धित पक्षले निर्वाचन आचारसंहिताको पूर्ण पालनाको विषयमा आयोगले अनुगमन गरिरहेको जनाएको छ । स्थानीय तहका केही जनप्रतिनिधि निर्वाचन आचारसंहिता विपरीत राजनीतिक दल तथा उम्मेदवारको प्रचारप्रसारमा सहभागी भएको भनी उजुरी तथा गुनासो प्राप्त भएकामा आयोगको गम्भीर ध्यानाकर्षण भएको उल्लेख गरेको छ ।

निर्वाचन आचारसंहितामा रहेको व्यवस्था अनुसार, स्थानीय कार्यपालिकाका पदाधिकारीले आफू बहाल रहेको स्थानीय तह बाहेक अन्य स्थानीय तहमा सम्बन्धित राजनीतिक दलको निर्वाचन प्रचारप्रसारमासंलग्न हुनसक्ने भएपनि सरकारी स्रोत र साधनको प्रयोग गर्न नपाइने स्पष्ट व्यवस्था छ ।

निर्वाचन आचारसंहिता प्रतिकूल हुने गरी स्थानीय कार्यपालिकाका पदाधिकारीले आफू बहाल रहेको स्थानीय तहमा कुनै पनि राजनीतिक दल वा उम्मेदवारको निर्वाचन प्रचार–प्रसारमा सहभागी नहुन आयोगले सचेत गराएको छ ।

## ८५लाई स्पष्टीकरण, ५४ वटा जवाफ

**काठमाडौँ, फागुन ११।** केन्द्रीय आचारसंहिता अनुगमन समितिमा हालसम्म प्राप्त ८५ उजुरी प्राप्त भई सम्बन्धित राजनीतिक दल तथा उम्मेदवारहरूलाई स्पष्टीकरण सोधिएकामा ५४ वटाको जवाफ प्राप्त भएको निर्वाचन आयोगले जनाएको छ ।

हालसम्म ७९ जनालाई स्पष्टीकरण र छ जनालाई पुनः स्पष्टीकरण सोधिएको आयोगका कानून अधिकृत मोहनराज जोशीले जानकारी दिए । आयोगले निर्वाचन आचारसंहिता उल्लंघन गरेको भनी उजुरी परेका राजनीतिक दल, उम्मेदवार, सरकारी एवम् गैरसरकारी संस्था, सञ्चारमाध्यम र पत्रकारलाई पनि स्पष्टीकरण सोधेको हो । दर्ता भएका सञ्चारमाध्यम र त्यहाँ आबद्ध पत्रकारलाई भने प्रेस काउन्सिल नेपालमार्फत स्पष्टीकरणलगायत कारबाहीका लागि लेखी पठाइएको छ ।

निर्वाचन विश्लेषणका नाममा मत सर्वेक्षण गरेर दल र उम्मेदवार विशेष निर्वाचित हुँदै भनी समाचार सामग्री प्रकाशन गर्ने सेतोपाटी अनलाइनलाई पनि प्रेस काउन्सिलमार्फत नै स्पष्टीकरण सोधिएको छ ।

जिल्लास्तरमा समेत निर्वाचन आचारसंहिना उल्लंघनविरुद्धका उजुरी प्राप्त भई आवश्यक कारबाही भइरहेको छ । निर्वाचन आचारसंहिताको प्रभावकारी परिपालना गराई उल्लंघनका घटनालाई न्यूनीकरण गर्न आयोगले प्राप्त उजुरीमा आवश्यक जाँचबुझ र कारबाहीको प्रक्रिया अघि बढाइरहेको छ ।

प्राप्त भएका ५४ वटा जवाफको अध्ययन भइरहेको पनि आयोगले जनाएको छ । आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुमगन अधिकृत तथा सम्बन्धित निर्वाचन कार्यालयहरू क्रियाशील रहेको उनले बताए ।

जिल्लास्तरमा आचारसंहिता अनुमगनलाई प्रभावकारी बनाई कार्यान्वयन सुनिश्चितताका लागि निर्वाचन आचारसंहिता, २०८२ को दफा ३२ बमोजिम ७७ वटै जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीलाई

(बाँकी अन्तिम पृष्ठमा)

## एमालेले किन बनायो भोलेन्टियर्स फोर्स ?



**झापा, फागुन ११।** झापाको दमकमा नेशनल भोलेन्टियर्स फोर्स कोशी युनिफाइड कमाण्डको घोषणा गरिएको छ ।

नेकपा एमालेको युवा दस्ताका रुपमा कोशी प्रदेशस्तरीय नेशनल भोलेन्टियर्स फोर्स घोषणा गरिएको हो । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले नेशनल भोलेन्टियर्स फोर्सको घोषणा गरेका हुन् । दमक नगरपालिका–७ स्थित पशुहाटमा कार्यक्रमकाबीच कोशी प्रदेश कमाण्डरका रुपमा सुरज साँवा लिम्बूको अध्यक्षतामा फोर्स गठन गरिएको थियो । लिम्बूको अध्यक्षतामा ४१ सदस्यीय प्रदेश कमिटी घोषणा गरिएको हो ।

कार्यक्रममा पूर्वभौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल, पार्टीका केन्द्रीय सदस्य तथा युवा परिचालन कमिटी अध्यक्ष गोविन्द थापा, केन्द्रीय सदस्य हरि राजवंशी, मोरङ प्रतिनिधिसभा सदस्य घनश्याम खतिवडा तथा झापा क्षेत्र नम्बर ४का उम्मेदवार एलपी साँवा लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा नेशनल भोलेन्टियर्स फोर्सका केन्द्रीय कमाण्डर पुष्पराज श्रेष्ठले विदेशी शक्तिको प्रभावविरुद्ध स्वयम्सेवी संरचना निर्माण गरिएको बताए ।

यसैबीच नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले आफ्नो पार्टीले गठन गरेको 'नेशनल भोलेन्टियर्स फोर्स' ले अब देशका संवैधानिक

(बाँकी अन्तिम पृष्ठमा)

## बालेनको वाचा : सुकुम्वासी समस्या समाधान गर्छौं



**झापा, फागुन ११।** राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ट नेता बालेन्द्र शाह (बालेन) ले झापा क्षेत्र नम्बर–५ मा रहेका भूमिहीन तथा सुकुम्बासी समस्यालाई निश्चित समय–सीमाभित्र समाधान गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

प्रतिनिधिसभा सदस्य निर्वाचन केन्द्रित रहँदै सार्वजनिक गरिएको वाचापत्रमार्फत उनले सरकार गठनपछि १०० दिनभित्र अधिकार सम्पन्न आयोग गठन गरी एक हजार दिनभित्र समस्या समाधान गर्ने लक्ष्य अघि सारेका हुन् । फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि झापा ५बाट उम्मेदवारी दिएका शाहले झापा–५का दीर्घकालीन समस्या पहिचान गर्दै भूमि व्यवस्थापन, शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार विकासलाई मुख्य प्राथमिकतामा राखेका छन् ।

वाचापत्रमा भूमि व्यवस्थापनलाई प्रमुख एजेण्डाका रूपमा समेटिएको छ । भूमिहीन, सुकुमबासी तथा अव्यवस्थित बसोबासको समस्या न्यायोचित र दिगो ढंगले समाधान गर्न आयोग गठन गरिने उल्लेख छ । साथै बाँझो जमिनको सदुपयोग सुनिश्चित गर्दै जग्गा चक्लाबन्दी तथा एकीकरण प्रवर्द्धन गर्न 'ल्याण्ड बैंक' स्थापना गरिने योजना सार्वजनिक गरिएको छ । ऐलानी जग्गाको व्यवस्थापन, नक्सांकन अभिलेख नभएका जमिनको नापी तथा अभिलेखीकरण कार्यलाई प्राथमिकतामा राख्दै

(बाँकी अन्तिम पृष्ठमा)

## निर्वाचनको वातावरण बनेको छः विश्वप्रकाश




**झापा, फागुन ११।** नेपाली कांग्रेसका उपसभापति एवम् निर्वाचन परिचालन मुल समितिका संयोजक विश्व प्रकाश शर्माले फागुन २१ गते निर्वाचन हुने वा नहुने भन्ने विषयमा झापा–५को दमकमा राष्ट्रिय बहस गर्न प्रस्ताव गरेका छन् ।

उनले झापा–५मा प्रस्ताव गरिएका भावी प्रधानमन्त्रीका दुई उम्मेदवार रहेकाले राष्ट्रिय बहसका लागि कांग्रेस सभापति गगन थापालाई पनि छलफलका लागि दमकमै पठाउन आफूहरू तयार रहेको बताए ।

नेपाल प्रेस युनियन झापाले सोमबार बिहान धुलाबारीमा आयाजना गरेको पत्रकार सम्मेलनमा बोल्दै शर्माले चुनाव अब कुनै बहानामा नरोकिने दाबी गरे । उनले चुनावप्रति प्रमुख दलकै नेतृत्वबाट आशंका गर्नु वा पूर्वराजाले चुनावअघि राष्ट्रिय सहमति गरौँ भन्नु फगत कुरा भएको टिप्पणी गरे ।

शर्माले भने– कसैलाई अझै पनि चुनाव हुँदैन कि, चुनाव अघि सहमति गरौँ भन्ने लाग्छ भने दमकमा राष्ट्रिय छलफलको कार्यक्रम राखौँ । दुईवटा प्रमुख पार्टीले प्रस्ताव गरेका भावी प्रधानमन्त्रीका उम्मेदवारहरू दमकमै छन् । हाम्रो सभापति गगनलाई कहिले दमक ल्याउनुपर्ने हो भन्नुहोस् त्यसको जिम्मेवारी

(बाँकी अन्तिम पृष्ठमा)

हार्दिक बधाई तथा शुभकामना


पाण्डव लाल चौधरी
अध्यक्ष


कुमार निरौला
उपाध्यक्ष


ज्ञाननाथ सिटौला
सचिव

यस प्रकाश सितल मिनी मार्केट, बिर्तामोड–५को साधारणसभाबाट **पाण्डवलाल चौधरी** अध्यक्षमा चयन हुनुभएकोले हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं । साथै उपाध्यक्ष **कुमार निरौला**, सचिव **ज्ञाननाथ सिटौला,** कोषाध्यक्ष महिला गंगा चम्रकार, सदस्य अम्बिका खतिवडा, सदस्य पारसमणि सुवेदी, सदस्य महिलाहरु कला भण्डारी, कुमारी चम्लागाँई, देवी चापागाँई, सदस्य लेखनाथ पाण्डे, सदस्य घनश्याम भट्टराई सर्वसम्मत चयन हुनुभएकोमा सफल कार्यकालको शुभकामनासहित हार्दिक बधाई ज्ञापन गर्दछौं ।

**प्रकाश शिवाकोटी** : व्यवस्थापक

एवम् **प्रकाश सितल मिनी मार्केट परिवार**, बिर्तामोड–५ (वीएण्डसी पूर्व), झापा



## कन्याममा दुर्घटना हुँदा बिर्तामोडका चौधरीको मृत्यु

**झापा, फागुन ११।** मेची राजमार्गमा सवारी दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ।

सूर्योदय नगरपालिका-७, कन्याममा दुर्घटना हुँदा झापा बिर्तामोडका मनोज चौधरीको मृत्यु भएको हो। झापाबाट इलामतर्फ आउँदै गरेको प्र १-०१-०१८ प १५२० नम्बरको मोटरसाइकल र विपरीत दिशातर्फ जाँदै गरेको मे१ख १९९८ नम्बरको ट्रक जुधेर दुर्घटना हुँदा ५० वर्षका चौधरीको घटनास्थलमा नै मृत्यु भएको हो।

जिल्ला प्रहरी कार्यालय इलामका सूचना अधिकारी लक्ष्मी भण्डारीका अनुसार चौधरी बिर्तामोड-५का चालक ३१ वर्षे टिङ्कु साहुले चलाइरहेको मोटरसाइकलको पछाडि सवार थिए। दुर्घटनामा ट्रकको पछाडिको चक्काले किचेपछि चौधरीको मृत्यु भएको प्रत्यक्षदर्शीले जनाएका छन।

घाइते साहु फिक्कल अस्पतालमा उपचाररत् छन्। ट्रक चालक पाँचथरको हिलिहाङ-७का ३० वर्षीय हरिनारायण सुवेदी प्रहरीको नियन्त्रणमा रहेको बताइएको छ।

## १५ जना घाइते

**उदयपुर, फागुन ११।** मदन भण्डारी सडक मार्गस्थित उदयपुरको उदयपुरगढी गाउँपालिका-७ अँधेरीमा बस दुर्घटना हुँदा १५ जना घाइते भएका छन्।

कटारीबाट गाईघाटतर्फ आउँदै गरेको बा२ख, ६२५७ नम्बरको ओखलढुङ्गे डिलक्स बस उदयपुरगढीको अँधेरीको गोलाइमा अनियन्त्रित भई सडकबाट तल खसेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवम् प्रहरी नायब उपरीक्षक निरञ्जन थापाले जानकारी दिए। दुर्घटनामा घाइते हुनेहरुमा कटारी नगरपालिका-६की ६० वर्षीया सोममाया परियार, ताप्ली गाउँपालिकाकी २० वर्षीया मोनिका मगर, ताप्लीकै १९ वर्षीया पवित्रा श्रेष्ठ, ७८ वर्षीय दलबहादुर तामाङ, १५ वर्षीय प्रेम तामाङ र १४ वर्षीय सुजन तामाङ तथा कटारीका २५ वर्षीय अनिल चौधरी रहेका छन्।

यस्तै अन्य घाइतेमा त्रियुगा नगरपालिका-१२की २१ वर्षीया रेविका बस्नेत र २० वर्षीया रेस्मा बस्नेत, उदयपुरगढी गाउँपालिकाका १० वर्षीय दिवस तामाङ रहेका छन्। घाइतेमध्ये ६ जनालाई थप उपचारका लागि विराटनगरस्थित न्युरो अस्पताल लगिएको छ भने बाँकीको जिल्ला अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

### सुनसरीमा कडा सुरक्षा तयारी

# १६७मध्ये ५९ मतदानस्थल अति संवेदनशील

**सुनसरी, फागुन ११।** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै सुनसरीका कूल १६७ मतदान स्थलमध्ये ५९ वटा 'अति संवेदनशील' घोषित गरिएको छ भने ६६ स्थललाई 'संवेदनशील' सूचीमा राखिएको छ।

सुनसरी प्रहरी प्रमुख प्रहरी उपरीक्षक केशवकुमार थेबेले दिएको जानकारी अनुसार सबैभन्दा बढी अति संवेदनशील मतदानस्थल भोक्राहा-नरसिंह गाउँपालिका र बर्जु गाउँपालिकामा १०/१० वटा रहेका छन्। त्यसैगरी कोशी गाउँपालिका र हरिनगर गाउँपालिकामा ९/९ वटा मतदानस्थल अति संवेदनशील सूचीमा परेका छन्।



त्यस्तै देवानगञ्ज गाउँपालिकामा ७, दुहबी नगरपालिकामा ६ र इनरुवा नगरपालिकामा चार वटा मतदान स्थल अति संवेदनशील रहेको जानकारी दिइएको छ। गढी गाउँपालिकाका तीन वटा मतदानस्थल पनि अति संवेदनशील सूचीमा छन्।

उत्तरी क्षेत्रको धरान उपमहानगरपालिका अन्तर्गत पर्ने हिमाली मावि देउराली मतदानस्थल एक मात्र अति संवेदनशील स्थलका रूपमा वर्गीकृत गरिएको छ। यद्यपि इटहरी उपमहानगरपालिका, बराह क्षेत्र नगरपालिका र रामधुनी नगरपालिकामा कुनै पनि मतदानस्थल अति संवेदनशील नरहेको, तर संवेदनशील मान्दै सुरक्षा रणनीति तयार पारिएको प्रहरीले जनाएको छ।

यसअघि २०७९ सालको निर्वाचनमा पनि यी अधिकांश मतदानस्थल अति संवेदनशील सूचीमा राखिएका थिए। प्रहरीका अनुसार दक्षिणी क्षेत्रका हरिनगर, देवानगञ्ज, बर्जु, गढी, दुहबी तथा उत्तरी क्षेत्रका भोक्राहा-नरसिंह र कोशी गाउँपालिकाका मतदानस्थलहरू जोखिमको दृष्टिले उच्च प्राथमिकतामा पर्ने गरेका छन्।

निर्वाचनलाई भयरहीत, निष्पक्ष र मर्यादित बनाउन मतदानस्थलहरूलाई तीन तहमा वर्गीकरण गरी सुरक्षा रणनीति लागू गरिएको प्रहरीले जनाएको छ। प्रतिनिधिसभा निर्वाचन सुरक्षाका लागि १५० भन्दा बढी नेपाल प्रहरी र ३,१४९ निर्वाचन प्रहरी परिचालन गरिनेछ। सुरक्षाको दृष्टिले अतिसंवेदनशील र संवेदनशील क्षेत्रमा मोबाइल टोली, सशस्त्र प्रहरी बल तथा तेस्रो तहमा नेपाली सेना समेत परिचालन गरिने योजना रहेको छ।

प्रहरी प्रमुख थेबेले निर्वाचन अवधिभर सुरक्षाका सबै उपाय कडाइका साथ लागू गरिने, मतदाता तथा निर्वाचन सामग्रीको सुरक्षा सुनिश्चित गर्दै लोकतान्त्रिक वातावरणमा निर्वाचन सम्पन्न गरिने विश्वास व्यक्त गरेका छन्।

# युवालाई शान्ति निर्माणतर्फ उन्मुख गर्दै रोटरी दिवस



**झापा, फागुन ११।** युवावर्गमा नेतृत्व क्षमता विकाससँगै द्वन्द्व व्यवस्थापन र शान्ति निर्माणप्रति सचेतना अभिवृद्धि गर्ने उद्देश्यले रोटरी क्लब अफ बिर्तामोड मिडटाउनको आयोजनामा १२१औं रोटरी दिवस विविध कार्यक्रमसहित सम्पन्न गरिएको छ।

बिर्तामोडस्थित इन्द्र चन्द्र क्याम्पसमा आयोजित कार्यक्रममा बीबीएस प्रथम वर्षमा अध्ययनरत् विद्यार्थीहरूलाई लक्षित गर्दै 'द्वन्द्व व्यवस्थापन र शान्ति निर्माणमा युवाको भूमिका' विषयक प्रशिक्षण सञ्चालन गरिएको थियो। कार्यक्रममा साइबर सुरक्षासम्बन्धी सचेतनामूलक प्रशिक्षण समेत प्रदान गरिएको थियो।

युवाहरूलाई सामाजिक जिम्मेवारीबोध गराउँदै सकारात्मक सोच, संवाद क्षमता र सहकार्यको संस्कार विकास गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको रोटरी क्लबले जनाएको छ। प्रशिक्षणमा ५४ जना विद्यार्थीको सहभागिता रहेको थियो। कार्यक्रममा रोटरीको इतिहास, उद्देश्य र सामाजिक योगदानबारे जानकारी गराउने उद्देश्यले हाजिरी जवाफ प्रतियोगिता समेत आयोजना गरिएको थियो। प्रतियोगिताले विद्यार्थीहरूमा रोटरी आन्दोलनप्रति चासो र ज्ञान विस्तारमा सहयोग पुगेको आयोजकको भनाइ छ।

कार्यक्रमको सहजीकरण क्लबकी अध्यक्ष पुष्पाञ्जली ठकुरी सिन्हा, सचिव रोशन बुढाथोकी तथा पूर्वअध्यक्ष नवीन उप्रेतीले गरेका थिए। उनीहरूले युवालाई शान्ति निर्माण, सहअस्तित्व र जिम्मेवार नागरिकको अभ्यासमा सक्रिय सहभागिता आवश्यक रहेकोमा जोड दिएका थिए।

कार्यक्रममा क्लबका प्रेसिडेन्ट नोमिनी तुलसी मिश्र, क्लव एड्मिनीट्रेसन सन्नी गोयल, क्याम्पस प्रमुख प्रकाश दाहाल तथा प्राध्यापक वालकृष्ण चेम्जोङको आतिथ्य रहेको थियो।

वक्ताहरूले प्रविधिको तीव्र विकाससँगै बढ्दो साइबर जोखिमबाट जोगिन सचेतना अपरिहार्य भएको उल्लेख गर्दै युवाले सामाजिक परिवर्तनका वाहकको भूमिका निर्वाह गर्नुपर्ने धारणा राखेका थिए।

रोटरी दिवसको अवसरमा आयोजना गरिएको उक्त कार्यक्रमले बिद्यार्थीहरूमा नेतृत्व विकास, संवाद संस्कृति र शान्तिपूर्ण सहअस्तित्वबारे व्यावहारिक ज्ञान प्रदान गरेको सहभागीहरूले बताएका छन्।

## झापा ४मा ...

तथा सुशासन स्थापना आफ्नो प्राथमिकतामा रहेको बताएका थिए।

कार्यक्रमको प्रश्नोत्तर सत्र विशेष रूपमा सक्रिय देखिएको थियो। सहभागी मतदाताहरूले पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने उपाय, भ्रष्टाचार नियन्त्रण, युवा पलायन रोकथाम, स्थानीय उद्योग संरक्षण तथा दीर्घकालीन विकास योजनाबारे उम्मेदवारहरूसँग प्रत्यक्ष प्रश्न उठाएका थिए। उम्मेदवारहरूले उठाइएका प्रश्नको खुला रूपमा जवाफ दिँदै आफ्ना नीतिगत धारणा स्पष्ट पारेका थिए। प्रत्यक्ष संवादमा विर्तामोड बसपार्कको ५१ विगाहा जग्गाको समस्या, चिया क्षेत्रका समस्याका समाधानका उपाय, कृषिथोक बजारको समस्या लगायतका सवालहरु उठाइएको थियो।

स्थानीय नागरिक, युवा, बुद्धिजीवी तथा सञ्चारकर्मीहरूको उल्लेख्य उपस्थिति रहेको कार्यक्रमको सहजीकरण संवाद समूहका सहजकर्ता सुमन पुरीले गरेका थिए।

वीरता जेसीजका अध्यक्ष लोकचन्द्र श्रेष्ठ, बुधबारे जेसीजका अध्यक्ष कुशल अधिकारी, अर्जुनधारा जेसीजकी अध्यक्ष बिमला भट्टराईको संयुक्त अध्यक्षतामा भएको कार्यक्रम सुरुङ्गा जेसीजकी अध्यक्ष मेनुका उप्रेतीले सञ्चालन गरेकी थिइन्। वीरता जेसीजका कानूनी सल्लाहकार प्रभात मास्के कार्यक्रम संयोजक रहेका थिए। कार्यक्रममा स्वागत मन्तव्य बुधबारे जेसीसका अध्यक्ष अधिकारीले, आस्था वाचन अर्जुनधारा जेसीजकी अध्यक्ष भट्टराई र प्रत्यक्ष संवादको आचारसंहिता वाचन वीरता जेसीजका अध्यक्ष श्रेष्ठले गरेका थिए।

निर्वाचन नजिकिँदै जाँदा मतदाता र उम्मेदवारबीच प्रत्यक्ष संवादको अभ्यासले स्थानीय राजनीतिक बहसलाई थप सक्रिय बनाएको सहभागीहरूको धारणा रहेको थियो। सहभागीबाट लिखित प्रश्न लिएर सहजकर्ताले अनुमति दिई प्रश्न राख्न लगाउने आचारसंहितासहित व्यवस्थित रुपमा कार्यक्रम सञ्चालन गरिएको थियो। तर, केही सहभागीले दलहरुलाई लाञ्छित गर्दै आफूले लिखित पठाएको भन्दा फरक प्रश्न राख्दा उपस्थित विभिन्न पार्टीका कार्यकर्ताबीच केहीबेर विवाद समेत भएको थियो।

## निर्वाचनको ...

मेरो भयो।

कांग्रेस निर्वाचन परिचालन समितिका केन्द्रीय संयोजक समेत रहेका शर्माले देश पूरै चुनावमा होमिएकाले चुनावलाई असर पर्ने कुनै गतिविधि कसैले गर्न नहुने धारणा राखे। शर्माले निर्धारित मिति फागुन २१मै चुनाव हुनेमा आफूहरू ढुक्क रहेको दावी गरे।

चुनावमा कांग्रेस पहिलो पार्टी बन्ने दावी गरेका शर्माले भने- देशलाई परिवर्तन चाहिएको छ। जनताले परिवर्तन खोजिरहेका छन्। शर्माले भने- बदलिएको कांग्रेसले जनताको भावना बुझ्न सक्छ। परिवर्तनको एजेन्डा बदलिएको कांग्रेसको एजेन्डा हो। उनले अहिलेको देशको अवस्थालाई बदलिएको कांग्रेसले मात्र सम्हाल्न सक्ने दावी गरे।

# स्रोत सुनिश्चित नहुँदा ३० हजारभन्दा बढी आयोजना अलपत्र

**काठमाडौँ, फागुन ११।** नेपाल निर्माण व्यवसायी महासङ्घले स्रोत सुनिश्चित नहुँदा ३० हजारभन्दा बढी आयोजना अलपत्र परेको जनाएको छ।

महासंघले सोमवार आयोजना गरेको पत्रकार सम्मेलनमार्फत आर्थिक वर्ष २०७३/०७४पछि मुलुकमा करिब रु. १९ खर्बका एक लाखको हाराहारीमा आयोजना बनाउने निर्णय भएकामा सरकारको अव्यवहारिक नीति-नियम तथा अन्य विविध समस्याका कारण हाल ३० हजारभन्दा बढी आयोजना अलपत्र अवस्थामा रहेको जानकारी दियो।

राज्यले बर्सेनि विनियोजन गरेको न्यूनतम् पुँजीगत खर्चको आँकडा अत्यन्त कमजोर देखिएको तथा स्रोत सुनिश्चिततासहित पर्याप्त बजेट उपलब्ध गराइएका विदेशी निर्माण कम्पनी संलग्न मेलम्ची खानेपानी आयोजना, नागढुङ्गा सुरुङ मार्ग, 'फास्ट ट्र्याक' लगायत राष्ट्रिय गौरवका आयोजना अझै पूरा हुन नसकेको महासंघले जनाएको छ। झण्डै दुई दशकअघि देखिका अव्यवहारिक ऐन, नियम नै निर्माण उद्योगको बाधक रहेको महासंघको ठम्याइ छ।

महासंघका महासचिव रोशन दाहालले निर्माण क्षेत्रमा देखिएको ढिलाइका कारणबारे यथार्थ अध्ययन र समाधान खोज्नुपर्ने बताए। महासंघले जिम्मेवार राजनीतिक दलहरुका नेता तथा पदाधिकारीबाट संयमित अभिव्यक्ति आउनुपर्नेमा जोड दिए। महासंघले सार्वजनिक खरिद ऐन-२०६३ को दफा ५९ लगायतका प्रावधान संशोधन गर्न, १५ प्रतिशतभन्दा घटी कबुल गर्ने बोलपत्र स्वत: अस्वीकृत हुने व्यवस्था गर्न, मासिक भुक्तानी प्रणालीलाई सरल बनाउन, निर्माण उद्योग सम्बन्धी एकीकृत 'छाता ऐन' तर्जुमा गर्न र निर्माण सामग्रीको सहज उपलब्धता सुनिश्चित गर्न माग गरेको छ।

त्यसैगरी, उपभोक्ता समितिमार्फत हुने निर्माण कार्यको सीमा घटाउन, नियमनकारी निकायमा निर्माण क्षेत्र सम्बन्धी विशेषज्ञता अभिवृद्धि गर्न तथा निर्माण व्यवसायी र उपकरणको सुरक्षाको प्रत्याभूति दिन सरकारसँग माग गरिएको छ। निर्माण उद्योगले कृषिपछिको ठूलो रोजगारीका रूपमा २५ लाखभन्दा बढीलाई रोजगारी दिँदै आएको उल्लेख गर्दै पूर्वाधार क्षेत्रको द्रुत विकासका लागि उद्योगमैत्री नीति तथा आधुनिक प्रविधि आवश्यक रहेको महासंघले जनाएको छ।

निर्माण व्यवसायीले परियोजनास्थलमा शान्ति सुरक्षाको प्रत्याभूति गरिनाका साथै निर्माण व्यवसायी र निर्माण उपकरणको सुरक्षाको सुनिश्चितता गर्न सरकारसँग माग गरेका छन्। नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले भौतिक पूर्वाधार क्षेत्रलाई चलायमान बनाउन आवश्यक रहेको उल्लेख गर्दै यस क्षेत्रसँग सम्बन्धित झञ्झटिला नियम परिवर्तन गर्नुपर्ने बताए। सहज र व्यावहारिक नीति तथा नियम लागू भए मात्र निर्माण क्षेत्रले गति लिने उनले उल्लेख गरे।

## बालेनको ...

दीर्घकालीन भूमि सुधार कार्यक्रम अघि बढाइने उनले बताएका छन्।

शाहले राजनीतिलाई पेशा नभई सेवाको माध्यम बनाउने प्रतिबद्धता जनाउँदै संसदमा बेथिति र भ्रष्टाचारबिरुद्ध सशक्त रूपमा आवाज उठाउने बताएका छन्। 'राजनीतिलाई सेवा बनाउनेछु र जनताको विश्वासलाई काममा रूपान्तरण गर्नेछु'- भन्ने मूल नारासहित सार्वजनिक वाचापत्रमा सार्वजनिक सेवा प्रणालीलाई चुस्त र पारदर्शी बनाउने लक्ष्य वाचापत्रमा उल्लेख गरिएको छ।

शिक्षा क्षेत्रतर्फ विद्यालय छोड्ने दर शून्यमा झार्ने लक्ष्यसहित सामुदायिक विद्यालयहरूमा स्मार्ट कक्षा र प्रयोगशाला स्थापना गर्ने योजना अघि सारिएको छ। स्वास्थ्य क्षेत्रमा विपन्न परिवारलाई नि:शुल्क उपचारको सुनिश्चितता, दमक अस्पताललाई ३०० शैयामा स्तरोन्नति तथा घर-घर स्वास्थ्य सेवा कार्यक्रममार्फत ज्येष्ठ नागरिकको नियमित स्वास्थ्य परीक्षण गर्ने प्रतिबद्धता जनाइएको छ।

झापा-५को आर्थिक आधार कृषिलाई आधुनिक बनाउने योजना वाचा-पत्रमा समेटिएको छ। कन्काई-रतुवा सिँचाइ आयोजना विस्तार, 'एक पालिका-एक शीत भण्डार' अवधारणा कार्यान्वयन तथा कृषिजन्य उत्पादनको बजार व्यवस्थापनलाई प्राथमिकता दिइने उल्लेख गरिएको छ। पूर्वाधार विकासतर्फ दमक-रवि-चिसापानी सडकको पूर्णता, हुलाकी सडक तथा पुल निर्माणलाई गति दिने र दमकलाई स्मार्ट सिटीका रूपमा विकास गर्ने योजना सार्वजनिक गरिएको छ।

शाहले आफू जनअपेक्षा अनुसार काम गर्न राजनीतिक मैदानमा आएको उल्लेख गर्दै मतदातासँग सहयोग र विश्वासको अपिल गरेका छन्। 'काम गर्न आएको हुँ, काम गर्न दिनुहोस्'- भन्ने सन्देशसहित उनले विकास र सुशासनलाई केन्द्रमा राखेर चुनावी अभियान अघि बढाएका छन्।

## एमालेले ...

तथा राज्यका महत्वपूर्ण संरचनामाथि हुने आक्रमण रोक्ने दाबी गरेका छन्।

झापाको दमकमा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष ओलीले विगतमा युवाशक्ति व्यवस्थित रूपमा परिचालन नभएकै कारण राज्यका संरचना क्षतिग्रस्त भएको टिप्पणी गरे। उनले अब त्यस्तो अवस्था दोहोरिन नदिने बताए।

देशमा विभिन्न आन्दोलनका क्रममा सरकारी संरचनामा आगजनी र तोडफोड भएको अनुभवबाट पाठ सिक्दै पार्टीले फोर्स गठन गरेको अध्यक्ष ओलीको भनाइ छ। 'देशका संस्थामाथि आक्रमण हुने परिस्थिति अब स्वीकार्य हुँदैन'- उनले भने।

पूर्वप्रधानमन्त्री समेत रहेको ओलीले 'नेशनल युथ फोर्स' चुनाव लक्षित संरचना नभई दीर्घकालीन उद्देश्यसहित गठन गरिएको दावी गरे। पार्टीको जनवर्गीय संगठनका रूपमा रहने उक्त फोर्सले शान्ति सुरक्षा, अनुशासन र सामाजिक स्थिरतामा सहयोग गर्ने बताए। उनले राज्य संयन्त्र मात्रै पर्याप्त नहुने उल्लेख गर्दै नागरिकस्तरबाट समेत जिम्मेवार सहभागिता आवश्यक भएको बताए। 'देश पहिलो' भन्ने मूल मान्यताका साथ संगठन परिचालन गरिने उनको भनाइ थियो।

अध्यक्ष ओलीले आगामी निर्वाचनलाई लक्षित गर्दै बुथ कब्जा हुन नदिने चेतावनी दिएका छन्। उनले निर्वाचन प्रक्रिया निष्पक्ष र सुरक्षित बनाउन प्रत्येक मतदान केन्द्रमा स्वयम्सेवक परिचालन गरिने समेत जानकारी दिए। उनका अनुसार देशभरका हरेक बुथमा कम्तीमा ३० जना स्वयम्सेवक खटाइने योजना छ। ती स्वयम्सेवकले प्रहरी प्रशासनसँग सहकार्य गर्दै शान्ति सुव्यवस्था कायम गर्न सहयोग गर्ने उनले बताए।


**बिमालेख हरायो**

बिर्तामोडबाट बिर्ताबजार जाने क्रममा यही मिति २०८२/१०/०६ गते मेरो निम्न व्यहोराको एल आई सी कम्पनीको पोलेसी हराएको हुँदा भेट्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**नाम** :- पुष्कर काफ्ले
**ठेगाना** :- अनारमनी-२, झापा
**हाल** : बिर्तामोड नपा-४, झापा
**पोलेसी नं.** :- २०००११५३७
**कम्पनी नाम** :- एल आई सी
**सम्पर्क** :- ९८०४९१४५७०


## ८५ लाई ...

आर्थिक बाहेकका अन्य विषयमा र प्रमुख कोष नियन्त्रक/कोप नियन्त्रकलाई आर्थिक विषयमा अनुगमन गर्न आचारसंहिता अनुगमन अधिकृत तोकिएको छ। छोटो समयमै सबै जिल्लामा सरोकारवालाहरूलाई आचारसंहिताबारे जानकारी गराउने र आचारसंहिता पालना गर्ने प्रतिबद्धता गराउने कार्य प्रभावकारी रूपमा भइरहेको आयोगले जनाएको छ।

जिल्लास्तरमा आएका उजुरीका सम्बन्धमा जिल्लाबाटै स्पष्टीकरण सोधी जवाफ माग गरेर दोषी देखिएकालाई कानूनी कारबाहीको प्रक्रिया अघि बढाइएको पनि जनाइएको छ। रासस


**निर्वाचनको समयमा कर्मचारीले पालना गर्नुपर्ने आचरण**

- **कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै कार्य गर्नु/गराउनु, प्रचारप्रसारमा संलग्न हुनु वा प्रचारप्रसार गर्नुहुँदैन।**
- **कुनै राजनीतिक दल वा उम्मेदवारलाई कार्यालय वा आफ्नो भवन, सवारी साधन वा अन्य सामग्री प्रयोग गर्न दिनु हुँदैन।**
- **निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने विषयमा कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टिलिजेन्सएआई) को प्रयोग गरी वा नगरी सामाजिक सञ्जालमा पोष्ट, रिपोष्ट, शेयर, कमेन्ट वा प्रतिकेमन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सन लगायतका कार्य गर्नु/गराउनु हुँदैन।**
- **निर्वाचन प्रयोजनका लागि सम्प्रेषण गर्नुपर्ने सूचना बाहेक अन्य कुनै प्रकारका आफूलाई प्राप्त जानकारी कुनै राजनीतिक दल वा उम्मेदवार वा अनधिकृत व्यक्तिलाई दिनुहुँदैन।**
- **निर्वाचन सम्बन्धी कार्य गर्दा गराउँदा कसैको पक्ष वा विपक्ष लिनुहुँदैन।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



**बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा**

वरिष्ठ रेडियोलोजिष्ट **डा. संजयकुमार गुप्ता**द्वारा
**निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा**
- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

**हाम्रा सेवाहरु**
- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- अत्याधुनिक प्याथोलोजी ल्याव
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- 4D भिडियो एक्स-रे
- निसन्तान परामर्श केन्द्र
- Anomaly Scan, TVS
- 12 Lead ECG,
- रक्त नलिको Colour Doppler
- सुपथ मूल्यको फार्मेसी सेवा
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६



Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।
- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

**Advance Pathology Lab**
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

## हेर्न लायक प्रतिष्पर्धा

**वर्तमान राजनीतिक सन्दर्भमा बालेन 'क्रेज' एउटा विकल्पका रुपमा उदाएको छ । पुराना राजनीतिक संरचना, व्यवहार र असफलता माथिको असन्तुष्टिबाट जन्मिएको यो क्रेज बालेन प्रतिको आशा र विश्वास हुनसक्छ । पुराना दलहरुको अकर्मण्यता, संस्थागत भ्रष्टाचार र बढेको विकृतिले आमजनताको विश्वास र भरोसा कमजोर भएको छ । अभिव्यक्ति चर्का दिइए, आश्वासन बाँडिए र सुन्दर नेपालको नारा पनि लगाइए तर जनताको अवस्था उठ्नुको साटो खस्कँदै गयो । त्यसकै प्रतिक्रियाका रुपले काठमाडौं महानगरको मेयरको निर्वाचनमा उनलाई जन्मायो । जो अहिले के मधेश, के पहाड सबैका केन्द्रका रुपमा दरिए ।**

**वर्षौंदेखिको जनताको असन्तुष्टिको नेतृत्व गर्दै छोटो समयमै राजनीतिको केन्द्रमा उदाएको रास्वपा प्रति जनताले अपेक्षा गरेकै हुन् । स्थापनाको छोटो समयमै राष्ट्रिय राजनीतिमा दरिलो प्रभाव कायम गर्न सफल रास्वपाको 'पुरानो होइन नयाँ' भन्ने विम्वमा समाहित भएका बालेनको मौनता, जनभावना सुन्ने धीरता, संयम र गरेर देखाउने काठमाडौं महानगरको कामले समेत उनको 'क्रेज' बढाएको अनुमान गर्न सकिन्छ । किनकि विगतमा निर्वाचन केन्द्रीत ठूला सभा हुन्थे, प्रचार गरिन्थ्यो, आश्वासन र आशा बाँडिन्थ्यो, उनी यस विपरीत नागरिकसँग भेट गरिरहेका छन् ।**

**पूर्वी पहाडी जिल्लादेखि सुदूर पश्चिमसम्मको भ्रमण गरेका बालेनको राजनीतिक परिपक्वताको अनुपम उदाहरण हो । नागरिकसँगको प्रत्यक्ष भेटमा नागरिककै कुरा सुन्ने, बुझ्न खोज्ने यस्तो अभ्यास नेपाली नागरिक र राजनीतिका लागि नौलो कुरा हो । भनिन्छ, नयाँ संरचना निर्माण गर्न पुरानो भङ्ग गर्नैपर्छ, शायद त्यहीकारण हुनसक्छ आमनेपालीले नवीनता खोजेका । यद्यपि निर्वाचन गोप्य मतदान हो जहाँ विवेक थोरै प्रभाव शक्ति, सामर्थ्य र आश्वासन हावी हुन्छ । वर्षौंदेखि राजनीतिमा स्थापित, पटक-पटक प्रधानमन्त्री भइसकेका र एउटै क्षेत्रबाट निर्वाचित हुँदै आएका राजनीतिका स्थापित व्यक्तित्व केपी ओलीसँगको उनको चुनावी भीडन्त जोखिमयुक्त नै छ । जनभावना साँच्चै परिवर्तनको पक्षमा छ वा परम्परागत, शैलीको त्यो मत परिणामले देखाउला । त्यसका लागि आसन्न निर्वाचन शान्त र स्वतन्त्र हुनुपर्छ । त्यसो हुन मुख्यत: पुराना दल र अन्य दल, कार्यकर्ता, नेता र आमनागरिकले संयमित हुनुपर्छ । यसमै नेपालको पनि जय हुन्छ ।**

# बाख्री ब्याइन भनेर बोको कुट्न पाइँदैन : मतदाता



**भुवन तामाङ**

फागुन २१ को आमनिर्वाचन आइ नै सक्यो । निर्वाचन आयोगको अनुमति अनुसार राजनीतिक दलका नेताहरु चुनाव प्रचारप्रसारमा व्यस्त देखिएका छन् । आ-आफ्ना चुनावी घोषणापत्र प्रस्तुत गर्दै भावी योजनाहरु सुनाउँदैछन् । मतदाताहरु पनि चाखपूर्वक सुनिरहेका र नेताहरुलाई प्रश्न पनि गरिरहेका छन् ।

यसपालीको चुनाव प्रौढ तथा ज्येष्ठहरु र युवाहरु बीचको प्रतिस्पर्धाको रुपमा पनि हेरिएको छ । दबाब दुबै किसिमका दलहरुमा उत्तिकै परेको देखिन्छ । दलहरुले आफू चुनिनुपर्ने घोषणापत्र (एजेन्डा) सुनाइरहेका छन् । एजेन्डा निकै भिजनरी र जनताले निकै राहत महशुस गर्ने खालका देखिएका छन् । तर, कतिपय एजेन्डाहरु पूरा नहुने खालका र पपुलिष्ट पनि देखिएका छन् । एजेन्डाहरुको सूचिमा केही प्रमुख विषयहरु नै छुटेका पनि पाइन्छन् ।

**घोषणापत्रमा छापिएका एजेन्डाका सार :**

सबैजसो राजनीतिक पार्टीका घोषणापत्रमा प्रणाली सुधार, आर्थिक पक्ष सुधार, स्रोतहरुको पहिचान र परिचालन, मध्यम र निम्न वर्गसम्म अर्थ परिचालन, रोजगारी सिर्जना, शिक्षा, स्वास्थ्य, सूचना प्रविधि, उद्योग, पर्यटन, संस्कृति, सहकारी र विकास निर्माणका विषयहरु समेटिएका पाइन्छन् । यसले, अब चाहिँ देशले सकारात्मक गति लिने देखाउँदछ । दलहरुको सोचाइमा निकै सुधार आएको देखिन्छ ।

करिब सात दर्जन युवाहरुको बलिदानी र खर्ब नजिकको राष्ट्रको सम्पत्ति नष्ट भएपछि दलहरु सुध्रिने छाँट देखिनु र परिपक्व घोषणापत्र तयार हुनु साँच्चै आशा लाग्दा दिन आएको मान्न सकिन्छ । अब पनि नसुध्रिए खैँरात छैन, तर घोषणा पत्रका सबै कुरा लागू गर्न सकिन्छन् भन्ने ग्यारेन्टी र अनिवार्यता छैन । तैपनि घोषणा पत्रले पार्टीगत भावी योजनाका खाका भने दर्शाउँदछन् । संसदमा पुगेर सांसदहरुले के-कस्ता नीति बनाउँछन् ? भन्ने कुरा छर्लङ्ग भएको छ । भोली जनताले यसैका आधारमा खै-खबर गर्नेछन् ।

**देशको आवधिक विकासको चरण कस्तो हुन्छ ?**

एजेन्डा पढ्दा दलहरुले आफू सरकारमा हुँदाका मात्र कल्पना गरेका पाइन्छन् । सरकारमा सधैँ पुग्न सकिने अवस्था नहुन सक्छ । सरकारमा पुगेर र प्रतिपक्षमा बसेर या राजनीतिक दल भएका नाताले देशलाई आवधिक रुपमा कसरी कस्तो बनाउने, कुन स्तरमा पुर्‍याउने ? योजनाहरु एजेन्डा पत्रमा उल्लेख गरेका पाइएन । एक, तीन, पाँच, दश, पन्ध्र र पच्चीस वर्षमा देशलाई कुन देश जस्तो स्तरमा पुर्‍याउने ? र पचास र सय वर्षमा नेपाल कस्तो बन्छ ? यस्ता भिजन, मिसन, गोल, उद्देश्य, लक्ष्य र उपलब्धीका खाका खोइ त ? सरकारमा पुगियोस् या नपुगियोस् दलहरुले देशको आवधिक योजना पनि तयार गरिराख्नु पर्दछ ।

**छुटेको एजेन्डा :**

प्रायशः भन्छन्, योजना र बजेटहरु उत्पादनसँग जोडिनु पर्दछ, तर कसैले पनि उत्पादनलाई निर्यातसँग जोड्नुपर्छ भनेको सुनिँदैन । व्यापार घाटालाई उछिन्ने गरी निर्यात बढाउने एजेन्डा तय हुनु पर्दछ । तब मात्र देश नाफामा जान्छ । उत्पादनलाई निर्यातसँग जोड्न सक्यो भने मात्र देशमा खर्चभन्दा आम्दानी बढी हुन सक्छ, देशमा धन बचत हुन्छ । जनतालाई सामाजिक सुविधा थप्न सकिन्छ । विकसित देशहरुले उत्पादनलाई निर्यातसँग जोडर धन आर्जन गर्दछन् । जनतालाई सोसल सेक्युरिटी दिएका छन् । आन्तरिक उपभोग या खपतले मात्र देश समृद्ध हुन सक्दैन । यस बाहेक, हिमाल र पहाडका जनतालाई उतै अड्याउने र सरकारी संयन्त्रका बेरुजु घटाउने योजना पनि देखिएन । छुटेका अरुपनि छन्, तर प्रमुख एजेन्डा यिनै हुन् ।

**आशंका बीचको चुनाव :**

यो चुनाव आशंकारहीत देखिएको छैन र निष्पक्ष हुनेमा पनि आशंका छ । यो चुनावी सरकारलाई जेन-जी सरकार भनिएता पनि केहीले राष्ट्रिय स्वतन्त्र पार्टीको सरकार ठानेर सामाजिक सञ्जालमा आफ्ना विचारह राखेको पाइन्छ । सरकारले अरु पार्टीका तुलनामा रास्वपाका नेताहरु र तिनका चुनावी कार्यक्रमहरुमा सरकारी गाडीसहित बढी नै सुरक्षाकर्मी खटाइएको आरोप लाग्ने गरेको छ ।

अर्कोतर्फ जेन-जी आन्दोलन अमेरिकी युथ काउन्सिल र बारबरा फाउन्डेशनको अर्थात् अमेरिकी योजनामा गराइएको र यो सरकारको निर्माण अनि आसन्न चुनाव पनि अमेरिकी प्रभावमा रहेको हल्लाहरु सामाजिक सञ्जालमा देखिन्छन् । अर्को कुरा सम्माननीय प्रधानमन्त्री शुसीला कार्कीबाट कुनै कार्यक्रममा अब सत्ता युवाहरुलाई सुम्पने विचार व्यक्त भएको छ । युवाहरुले नेतृत्व गरेको पार्टीले नै चुनाव जित्छ भन्ने कुरा पहिल्यै कसरी थाहा हुन्छ ? अर्कोतर्फ पार्टीहरु बीच एकअर्काबिरुद्ध नाराबाजी, हुलदंगा र झडप भएका छन् । यी लगायतका गतिविधिले चुनाव शान्तिपूर्ण र निष्पक्ष हुनेप्रति आशंका जन्माएका छन् । चुनाव निष्पक्ष हुनु नै सफल चुनाव हो ।

**बाख्री ब्याइन भनेर बोका कुट्न पाइँदैन (रोचक संवाद) :**

चुनावका सन्दर्भमा मतादाताहरु र उम्मेदवारहरु बीचका संवादहरुले केही रमाइलो वातावरण बनाएको छ भने माहौल तताएको पनि छ । मतदाता र उम्मेदवारले विभिन्न उक्ति र शैली अपनाउँदै उम्मेदवारहरुलाई आ-आफ्ना कुरा सुनाइरहेका छन् । तपाई कसलाई भोट दिनुहुन्छ भन्ने प्रश्नमा कोही मतदाता भन्छन्- पुरानालाई दिन्छु या नयाँलाई दिन्छु । कोही भन्छन्- म फलाना पार्टीको हुँ तर फलाना पार्टीलाई भोट दिन्छु । कोही भन्छन्- कुनै पार्टीको झण्डा बोके पनि भोट चाहिँ अर्कैलाई दिन्छु ।




कोही सोध्छन्- भोट जिताएर पठाएको नेता अहिलेसम्म कहाँ हराएको ? अब अर्कैलाई भोट दिने । कसैले भने- काम देऊ भोट दिन्छौँ । कसैले भने पुराना नै ठीक । अर्काले भने यसपाली नयाँलाई हेर्ने । एक नेताले भने भोट नदेऊ काम देऊ । कुनै नेताले भने मन परे भोट देऊ मननपरे नदेऊ, कुनै नेताले मतादातालाई भने- तपाई कुनै पार्टीको हनुमान हो । अर्काले भने तपाई हिँडिरहनु भएको बाटो मेरोपालामा बनेको हो । अर्का नेताले भने- दुई वर्षमा बन्ने बाटो हामी डेढ वर्षमै बनाउँछौँ । कुनै स्थानमा एक मतदाताले नेतालाई भने- बाख्री ब्याइन भनेर बोका कुट्न पाइँदैन । भोट त दिन्छौँ जित्नु भएन भने हामीलाई हेला नगर्नुहोला या यस्तै आशय व्यक्त गरिएको होला । अर्का मतदाताले भने- हामी ठग र भ्रष्टलाई भोट दिन्नौं । संवादहरुले जनआकांक्षा, गुनासा र नेताका प्रतिबद्धता जान्न सजिलो पारेको छ ।

**मिलिजुली सरकारमा सामेल हुन तयार हुनु :**

हुन त पुराना साना ठूला पार्टी अनि नयाँ पार्टीहरुले पनि आफूले नै बहुमत ल्याउँछौँ भनेका सुनिन्छन् । राजनीतिक विश्लेषकहरुका अनुसार चाहिँ यसपाली कुनै पार्टीले बहुमत ल्याउने सम्भावना छैन । कम्तिमा दुई तीन पार्टी अथवा धेरै पार्टीको मिलिजुली सरकार निर्माण हुने सम्भावना प्रबल छ । सम्भवत: नेपाली कांग्रेस, एमाले, नेकपा, रास्वपा, श्रम संस्कृति, राप्रपा, उज्यालो नेपाल पार्टीहरुको मिलिजुली सरकार बन्ने सम्भावना छ । यसो भयो भने लगभग पार्टीहरु समेटिन्छन् तर चमत्कार या अन्तिम रणनीति या पासा पल्टाउने ट्र्याक्टिस जसले बनाउन सक्यो उसले बहुमत ल्याउने सम्भावना हुन्छ । बहुमत हुनासाथ सत्तासिन पार्टी मात्तिने जो प्रवृत्ति छ उनीहरुले विगतका चुनाबहरु र सरकारहरुलाई फर्केर हेरुन् । अनि महुमत र दुईतिहाई आएर के गरे र के भयो ? त्यो पनि अध्ययन गरुन् ।

**यस चुनावको सकारात्मक पक्ष :**

पढे-लेखेका, विद्वान विदूषी, धन भएका, विविध क्षेत्रमा विशिष्ठ अनुभव भएकाहरु उम्मेदवार नबन्ने प्रवृत्तिबीच कोही त छन् चुनावमा होमिनेहरु । चाहे उनीहरु विवादित नै किन नहुन् तर चुनावमा भाग लिएर नेतृत्व लिने, संसद पुग्ने र सरकार बनाउने मार्गमा हिँड्ने कोही त छन् । त्यो अभाव, रिक्तता पूरा गर्ने कोही त छन् । इमान्दार, सदाचार, स्वच्छ, अध्ययनशील, दूरदर्शी, समन्वयी र सक्षम हुँदै आए सुनमा सुगन्ध हुनेछ । लोकतन्त्रको द्योतक बहुदलीय चुनाव हो । यो चुनावले प्रजातन्त्र, लोकतन्त्र बलियो बनाउँछ । यस चुनावले श्रम संस्कृति, उज्यालो नेपाल लगायत नयाँ पार्टीहरुलाई संसदमा भित्र्याउँदैछ । समग्रमा सबै पार्टीले अबदेखि राम्रो गर्ने बाचा गरेका छन्, सुध्रिएर आएका छन् । थुप्रै सकारात्मक पक्ष देखिएका छन् ।


**नकारात्मक पक्ष :**

चुनाव सकारात्मक परिणामकै लागि गरिन्छन्, तर पनि यसका साइड इफेक्ट र बाइप्रोडक्टहरु उत्पन्न हुन्छन् । यस चुनाबको पृष्ठभूमिले देशको खर्ब नजिकको भौतिक सम्पत्ति नष्ट गरिसकेको छ र चुनाब खर्चको रुपमा राष्ट्रको २५ अर्बभन्दा बढी धनराशी खर्च गराउँदैछ । जुन रकम विकासमा उपयोग गर्न सकिने थियो । किनकि अमेरिका एमसीसी मार्फत नेपालमा उसको सैनिक आधार बनाउन चाहन्छ भन्ने कुरा छताछुल्लै भएको छ । छिमेकी देशलाई निगरानी गर्नु र नेपालको रेअर अर्थमा प्रभुत्व जमाउनु अमेरिकाको अर्को उद्देश्य रहेको छ र विदेशी चलखेलबीच यो चुनाव हुँदैछ भनेर विश्लेषकहरु बताउँछन् । हावा नआइ पात हल्लिँदैन उखान याद दिलाएको छ । यस बाहेक आखिरी यस चुनावले उनै पार्टीका उनै नेताहरुलाई संसद र सरकारमा ल्याउँछ । त्यसकारण यस चुनावका लागि चुनाव जस्तो हुनेछ ।

**चुनावको आनन्द उठाऔं :**

आनन्द उठाउनुको अर्थ चुनावलाई जनहित तथा देशहितका लागि मतदान गरी सही उपयोग गरौँ भन्ने आशय हो । आफ्नो अमूल्य मतबाट व्यवस्थापिकामा योग्य उम्मेदवार पठाउनु पर्दछ । प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र सबलरुपमा संस्थागत गर्न चुनाव सफल पार्नुपर्दछ । अनि मात्र देशमा शान्ति र समृद्धि आउँछ । यसैमा सबैको भलाई हुन सक्दछ ।

# धेरै टिकटक हेर्नुहुन्छ ? हुन सक्छन् यस्ता समस्या




टिकटक हेर्ने बानी मनोरञ्जनको सामान्य माध्यम जस्तो देखिए पनि यसको असर मस्तिष्कमा रक्सी र जुवाको लत सरह देखिएको एक नयाँ अध्ययनले पुष्टि गरेको छ ।

'न्यूरोइमेज' जर्नलमा प्रकाशित अनुसन्धानले देखाए अनुसार, रिल र टिकटक जस्ता छोटा भिडियोहरूले मस्तिष्कको कार्यशैलीमा गहिरो असर पार्छन् र ध्यान केन्द्रित गर्न असहज बनाउँछन् ।

सोध अनुसार यस्ता भिडियोले मस्तिष्कको इनाम प्रणालीलाई अत्यधिक सक्रिय बनाउँछ, जुन मादकपदार्थ सेवन र जुवा खेल्दा पनि सक्रिय हुने देखिएको थियो ।

यस प्रणालीको अत्यधिक सक्रियताले डोपामाइनको उत्पादन बढाउँछ, जसले मानिसलाई तात्कालिक आनन्द त दिन्छ तर बिस्तारै नियन्त्रण गुमाउने, ध्यान भंग हुने र सामान्य जीवनशैली निरश लाग्ने अवस्थासम्म पुर्‍याउँछ ।

राति अबेरसम्म टिकटक हेर्ने बानीले शरीरको सर्काडियन घडी अर्थात् प्राकृतिक सुत्ने चक्रमा अवरोध ल्याउँछ । मोबाइलको निलो प्रकाशले मेलाटोनिन उत्पादनमा ढिलाइ गराउँछ, जसको परिणामस्वरूप निद्रामा कमी, स्मरणशक्ति कमजोर, र मूड स्विङ जस्ता समस्या देखिन सक्छन् ।

विशेषज्ञहरूले दिनको २५-३० मिनेटभन्दा बढी रिल नहेर्नु, सुत्नुभन्दा कम्तीमा आधा घण्टा अगाडि फोन बन्द गर्नु, नियमित व्यायाम र परिवार तथा साथीहरूसँग समय बिताउनु जस्ता उपायहरू अपनाउन सुझाव दिएका छन् ।

यसका साथै स्क्रोलिङको सट्टा किताब पढ्ने, म्युजिक सुन्ने वा सिर्जनात्मक काममा लाग्नाले मस्तिष्कलाई सन्तुलनमा राख्न सकिने अध्ययनकर्ताहरूको भनाइ छ ।

# पूर्व विद्यार्थीद्वारा विद्यालयमा अक्षयकोष स्थापना

**संखुवासभा, फागुन ११।** सङ्खुवासभाको चैनपुर नगरपालिका-२ स्थित आधारभूत विद्यालय पिङडाँडामा पूर्व विद्यार्थी टिका सिम्खडाले आफ्नी छोरी आर्जुको नाममा एक लाख ११ हजार एक सय ११ रुपैयाँको अक्षयकोष स्थापना गरेका छन् ।

विद्यालयको ६२औं वार्षिकोत्सवको अवसर पारेर सिम्खडाले उक्त अक्षयकोष स्थापना गरेका हुन् । २०५२ सालमा कक्षा ५ सम्म अध्ययन गरी विद्यालयबाट निस्किएका उनले शनिबार आयोजित वार्षिकोत्सव कार्यक्रममा सो रकम हस्तान्तरण गरेका थिए । २०२१ सालमा स्थापना भएको उक्त विद्यालयमा हाल कक्षा ५ सम्म अध्ययन सञ्चालन भइरहेको छ ।



वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा नगरपालिकाकी उपप्रमुख एलिना श्रेष्ठ, अक्षयकोष दाता पर्वत श्रेष्ठ, बाल विकास माविका सुरेन्द्र तामाङ, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भास्कर सिम्खडा तथा विद्यालयका प्रधानाध्यापक विनायक सिम्खडाले लगायतले मन्तव्य राखेका थिए ।

## आजको रासिफल



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**
धार्मिक तिर्थयात्रा हुनेछ, साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)**
आज तपाईको कार्यसिद्धी हुने दिन छ, फाइदा जनक काममा सामेल भइने छ, बेलुकीपख स्वास्थ्यमा विचार पुर्‍याउनुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)**
आजको दिन अनुकूल रहेको छ, रमाइलो यात्रा हुने योग छ, नयाँ योजनाहरु बन्नेछन्, खानपानमा विशेष ध्यान दिनुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**
समय अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, व्यापार-व्यावसायमा भने सन्तोषजनक नतिजा प्राप्त हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**
स्वास्थ्यमा ध्यान दिनुहोला, सहयोगीहरूले साथ दिनेछन्, लामो समयदेखि रोकिएर रहेका काम सुचारू हुनेछ, मिष्ठान्न भोजनको योग छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)**
सन्तानबाट शुखद् खबर सुनिने छ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते)**
नयाँ वश्त्र प्राप्तिको योग छ, पराक्रममा वृद्धि होला, धार्मिक कार्य हुने सम्भावना छ, आफन्तजनको सहयोग प्राप्त हुनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**
बुद्धिको उपयोगले धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)**
समय राम्रो आएको छ, नयाँ अवसरको बाटो खुल्नेछ, रमाइलो पारिवारिक जमघट हुनेछ, साथै खर्चिलो योग रहेको छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)**
आज छोटो दूरीको यात्रा हुने सम्भावना रहेको छ, विशेष कार्यमा लगानी गर्दा फाइदा हुने योग छ, मिष्ठान्न भोजनको अवसर आउनेछ, स्वास्थ्यमा ध्यान दिनुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)**
बोलिको प्रभावले काम बन्ने समय छ, बोल्दा विचार गर्नुहोला, इष्टमित्रले साथ दिनेछन्, विशेष अवसरको समय आएको छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)**
रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौशलाले थप उर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिने समय रहेको छ ।

मिति २०८२/११/११ सोमबारको
सुनचाँदी मूल्य
छापावाला
सुन प्रति तोला
रु. ३,१३,५००।-
चाँदी
प्रति तोला
रु. ५,५९५।-

# पर्यावरण संरक्षण र सुरक्षामा नेपाली सेना

नेपाली सेनाले केवल सुरक्षा र शान्ति कायम राख्न मात्र नभई प्रकृति संरक्षणमा पनि महत्वपूर्ण भूमिका विस्तार गर्दै आएको छ। वन, जलस्रोत र जैविक विविधताको संरक्षणदेखि प्राकृतिक विपद्का बेला उद्धार कार्यसम्म, सेनाका विभिन्न अभियानले वातावरणीय सन्तुलन कायम राख्न महत्वपूर्ण योगदान पुऱ्याइरहेको छ।

नेपाली सेनाले सुरक्षा मात्र नभई चुरे क्षेत्रको संरक्षण, प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन, जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोपबाट हुन सक्ने क्षति न्यूनीकरणमा पनि महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ। राष्ट्रिय सम्पदाको संरक्षण र प्रवर्द्धनका लागि नेपाल सरकारले २०६९ माघ ४ गते नीतिगत निर्णय गरी वन तथा पर्यावरण सुरक्षा निर्देशनालय स्थापना गरेको थियो।

निर्देशनालयको संरचनामा वन तथा पर्यावरण सुरक्षा गण नं. १ र नं. २ रहेका छन्। दुबै गणले देशभर ३७ जिल्लामा चुरे संरक्षण अभियानमा सक्रिय रूपमा सहभागी हुँदै आएको सेनाले जनाएको छ। श्री नं. १ गण, रानीवास ब्यारेक, सिन्धुली जिल्लामा तैनाथ रहँदै नारायणी नदी पूर्वतर्फका १५ जिल्लामा चुरे संरक्षण र संवर्द्धनको जिम्मेवारी निरन्तर रूपमा सम्पादन गर्दै आएको छ भने श्री नं. २ गण २०७१ बैशाख १ गतेदेखि नवलपरासी बर्दघाट सुस्त पूर्व जिल्लाको कावासोतीस्थित हात्तीखोरमा तैनाथ रहँदै नारायणी नदी पश्चिमतर्फका २२ जिल्लामा चुरे शृङ्खलाको संरक्षण र सम्बर्द्धन कार्य सञ्चालन गर्दै आएको सैनिक प्रवक्ता सहायक रथी राजाराम बस्नेतले बताए।

चुरे क्षेत्रका प्राकृतिक स्रोतहरूको संरक्षण र सदुपयोग गर्दै सम्भावित क्षयीकरण न्यूनीकरण गर्ने र स्थानीय जनताको जीवनस्तर सुधार गरी गरिबी तथा असमानता घटाउन सहयोग पुऱ्याउने उद्देश्यले २०६६/०६७ सालदेखि राष्ट्रपति चुरे संरक्षण कार्यक्रम शुरु भएको थियो। चुरे क्षेत्रलाई संरक्षण क्षेत्र घोषणा गरी तराई-मधेश क्षेत्रका एक सय ६४ नदी प्रणाली र तिनका जलाधार क्षेत्रहरूको व्यवस्थापनका लागि नेपाल सरकारले २०७१ असार २ गते राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति गठन गरेको थियो। आव २०७१/०७२ देखि यो कार्यक्रम राष्ट्रिय गौरवको आयोजनाका रूपमा सञ्चालन हुँदै आएको सेनाले जनाएको छ।

राष्ट्रिय पुँजी र अर्थतन्त्रको विकास गर्न साथै प्रकृतिको संरक्षण र सम्बर्द्धनसहित पर्यटन उद्योग एक महत्वपूर्ण



क्षेत्रका रुपमा लिइन्छ समग्र चुरे क्षेत्रलाई वातावरण संरक्षण क्षेत्र घोषणा गरी, नेपाल सरकार, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, नेपाली सेना र अन्य सरोकारवालाहरूसँग समन्वयमा प्रत्येक वर्ष असार २ गते चुरे दिवस बृहत् वृक्षरोपण तथा विशेष कार्यक्रमका साथ मनाउने गरिए पनि प्रवक्ता बस्नेतले जानकारी दिए।

पर्यावरण संरक्षण र सुरक्षामा नेपाली सेनाको इतिहास भूमिका निकै लामो र समृद्ध छ। विगतका दशकदेखि सेनाले जङ्गल, नदी, जलाशय, जैविक विविधता र प्राकृतिक स्रोतहरूको संरक्षणमा सक्रियता भूमिका खेल्दै आएको छ। वृक्षरोपण, तटबन्ध निर्माण, ताल-तलैया संरक्षण, प्राकृतिक विपद् व्यवस्थापन र समुदायसँगको सहकार्य मार्फत सेनाले वातावरणीय सन्तुलन कायम गर्न महत्वपूर्ण काम गर्दै आएको सेनाले जनाएको छ।

विगतदेखि नै चुरे तराई-मधेश क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन हुँदै आएका छन्। आर्थिक वर्ष २०७२/०७३ देखि २०८१/०८२ सम्म सम्पन्नको तथ्याङ्क हेर्दा सेनाले महत्वपूर्ण कार्यहरू सम्पन्न गरेको छ भने तारबारसहितका सिराहा, सप्तरी, सिन्धुली, नवलपरासी र दाङ जिल्लामा एक हजार ६८२.२२ हेक्टर जमिनमा वृक्षरोपण भएको छ भने ४८ हजार नौ सय चार मिटर तारबार निर्माण सम्पन्न गरेको छ।

सेनाले ताल तलैयाहरुको संरक्षण गरिरहेको छ। सुनसरी, सर्लाही, रौतहट, सिराहा, रुपन्देही, बर्दिया, कैलाली, चितवन, नवलपरासी, सप्तरी लगायत २२ जिल्लामा तालतलैयाको संरक्षण, संवर्द्धन र पुनर्निर्माण गरेको छ। सिराहा, सप्तरी, सिन्धुली, उदयपुर, नवलपरासी, दाङ र सुनसरी जिल्लामा एक हजार एक सय ४४ मिटर तटबन्ध निर्माण गरी स्थानीय बस्ती तथा कृषि क्षेत्र संरक्षणमा महत्वपूर्ण योगदान दिइरहेको छ। वृक्षरोपण कार्यलाई प्रभावकारी बनाउन लागि गणहरूमा 'सेड हाउस' स्थापना गरी आवश्यकता अनुसार बिरुवा उत्पादन गर्दै आइरहेको सैनिक प्रवक्ता बस्नेतले जानकारी दिए।

नेपाली सेनाले संरक्षण अन्तर्गत तयार पारेका संरक्षित क्षेत्रहरू स्थानीय सामुदायिक वन समितिलाई हस्तान्तरण गर्दै आएको छ। २०७२ साल असार ३० गते सप्तरी जिल्ला, खडक नगरपालिका-४ अमाहा क्षेत्रमा श्री नं. १ वन तथा वातावरण सुरक्षा गणबाट ५०१.९५ हेक्टर जमिनमा पाँच लाख १५ हजार नौ सय ४१ बिरुवा रोपियो भने चार हजार एक सय ३० मिटर तारबार र एक सय ३६ मिटर तटबन्ध निर्माण गरी २०८० चैत २१ गते सम्बन्धित सामुदायिक तथा वन समितिलाई हस्तान्तरण गरिएको सेनाले जनाएको छ।

त्यसैगरी दाङ तुलसीपुर उपमहानगरपालिका-१३ अम्बापुरमा श्री नं. २ गणले १७९.६ हेक्टर जमिनमा दुई लाख ८५ हजार चार सय २० बिरुवा रोपण र १७ हजार एक सय ५५ मिटर तारबार निर्माण गरी २०८२ कात्तिक ११ हस्तान्तरण गरियो। सिराहा मिर्चैया नगरपालिका-६ स्थित सत्नाचौरीमा श्री नं. १ गणबाट तैनाथ सेनाले तीन सय १३ हेक्टर जमिनमा चार लाख ५५ हजार चार सय बिरुवा रोपण, १२ हजार चार सय ६० मिटर तारबार र १७५.३५ मिटर तटबन्ध निर्माण गरी २०८२ मंसीर ११ गते सामुदायिक वन समितिलाई हस्तान्तरण गरेको सेनाले जनाएको छ। सेनाको चुरे संरक्षणमा दिगो योगदान मात्र नभई स्थानीय समुदायको जीवनस्तर सुधार र वातावरणीय सन्तुलन कायम राख्न पनि महत्वपूर्ण भूमिका निर्वाह रहेको छ।

**सहकार्य र समन्वयमा नेपाली सेना**

नेपाल सरकारले २०७१ असार २ गते राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति गठन गरेपछि समितिका कार्यक्रम कार्यान्वयन इकाइहरू सलकपुर (मोरङ), जनकपुर, भरतपुर, बुटवल र कैलाली लगायत स्थानीय निकाय, क्षेत्रीय जिल्ला वन कार्यालय तथा स्थानीय सामुदायिक वनहरूसँग सहकार्य र समन्वय गर्दै पर्यावरण संरक्षणका कार्यहरू सञ्चालन हुँदै आएका छन्।

सेना प्रवक्ता सहायक रथी बस्नेतका अनुसार कार्यक्रमका माध्यमबाट चुरे क्षेत्रका राष्ट्रिय वन, जङ्गल, प्राकृतिक वनस्पति, जीवजन्तु, जैविक विविधता, जलाधार क्षेत्र, रामसार र सिमसार क्षेत्रहरूको संरक्षण, संवर्द्धन र सुरक्षा गर्दै जलवायु परिवर्तनबाट उत्पन्न जोखिम न्यूनीकरणमा महत्वपूर्ण सहयोग पुगेको छ। क्षतिग्रस्त जमिनहरूमा वृक्षरोपण, ताल-तलैया संरक्षण र पुनर्निर्माण, पानीका स्रोतहरूको वृद्धि, जङ्गली जनावरहरूको आवासस्थल सुधार र आन्तरिक पर्यटनको प्रवर्द्धनले स्थानीय समुदायको आयआर्जनमा पनि टेवा पुगेको छ।

वन तथा पर्यावरण संरक्षण कार्यमा तैनाथ सेनाले नियमित पेट्रोलिङ, निगरानी र सुरक्षा कार्य गर्दै वन अतिक्रमण तथा चोरी-निकासी नियन्त्रणमा योगदान दिएको छ। वार्षिक रूपमा सञ्चालन हुने चुरे संरक्षण दिवसका अवसरमा राष्ट्रपतिबाट वृक्षरोपण कार्यक्रम सञ्चालन हुँदा राष्ट्रियस्तरमा यस कार्यक्रमको महत्व झन् बढेको छ। राष्ट्रपति चुरे-तराई मधेश संरक्षण समितिसँगको सहकार्यमा नेपाली सेनाले सप्तरी, खडक नगरपालिका अमाहा क्षेत्रका सामुदायिक वनहरू (राजाजी, सिंहस्रा, गोबराहा, खुदिमाथि र बोची)मा विभिन्न प्रजातिका पाँच लाख ४२ हजार आठ सय ९१ बिरुवा वृक्षरोपण गरी स्थानीय समुदायलाई हस्तान्तरण गरेको सेनाले जनाएको छ।

त्यसैगरी सिरहा, मिर्चैया नगरपालिका-६ स्थित सामुदायिक वनहरु बजरङ्गबली, मण्ठादेवी, रामनगर खोरिया र जिवा ठाकुरमा चार लाख आठ हजार नौ सय बिरुवा वृक्षरोपण र हस्तान्तरण गरेको छ। सिरहा, धनगढीमाई नगरपालिका-१२ र १३ मा वृक्षरोपण, तारबार र तटबन्ध निर्माण, सिन्धुली कमलामाई नगरपालिका झुँगा र गोगनपानीमा तारबार र वृक्षरोपण सप्तरीको सुरुङ्गा मछ्याही ताल पुनर्निर्माण, प्रकृति र वातावरण संरक्षण कार्यमा सक्रिय योगदान दिँदै आएको छ।

त्यसैगरी दाङ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व र पश्चिम) का ५८.९२ हेक्टर जमिनमा ९४ हजार दुई सय ७२ बिरुवा रोपण र तीन हजार ३७ मिटर तारबार निर्माण गरेको छ। २०८२ असार २ गते नवलपरासी, कावासोती-३ मा २८ बिगाहस्थित ज्योतिकुञ्ज सामुदायिक वनमा छ हेक्टर खाली जमिनमा राष्ट्रपति रामचन्द्र पौडेलको प्रमुख आतिथ्यमा बृहत् वृक्षरोपण गरिएको सेनाले जनाएको छ। सेनाले चुरे संरक्षण, पर्यावरणीय सन्तुलन कायम राख्न, स्थानीय समुदायको जीवनस्तर सुधार्न र जलवायु परिवर्तन तथा प्राकृतिक जोखिम न्यूनीकरणमा दिगो योगदान पुऱ्याउँदै आएको छ।

नेपाली सेनाले चुरे संरक्षण र सामुदायिक वन व्यवस्थापनमा योगदान पुऱ्याउन आफ्नो नर्सरी युनिट मार्फत बिरुवा उत्पादन गर्दै आएको छ। युनिटमा बीउ-बिजन सङ्कलन गरी विभिन्न प्रजातिका खयर, बकाइनो, सित्तलचिनी, शिरिष, अस्ट्रेलियन बबुल, साल, कपुर, बेल, रक्त चन्दन, जामुन, राजवृक्ष, कागती, अशोका, हर्रो, बर्रो, सिमल, तेजपत्ता, पारिजात, बयर, कटहरलगायतका बिरुवा हुर्काउने कार्य भइरहेको छ।

'चुरेको माटो चुरेलाई, सफा पानी सबैलाई' भन्ने नारासहित नेपाली सेनाले राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको गुरुयोजना अन्तर्गत चुरे संरक्षणमा निरन्तर योगदान दिँदै आएको छ। सेनाले वन तथा पर्यावरण क्षेत्र संरक्षणमा निर्वाह गरेको भूमिकाले वातावरणीय सन्तुलन कायम राख्ने, भू-क्षय नियन्त्रणमा सहयोग पुऱ्याउने, जलस्रोत सुरक्षित राख्ने र जैविक विविधता प्रवर्द्धन गर्ने काममा प्रभावकारी योगदान पुऱ्याएको छ।

## ब्राउनसुगरसहित दुई जना पक्राउ

**मेचीनगर, फागुन ११।** मेचीनगरमा लागूऔषध ब्राउन सुगरसहित दुई जना पक्राउ परेका छन्।

मेचीनगर नगरपालिका-१५ स्थित कालिकामा सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोस्ट ज्यामिरगढीको चेकपोइन्ट टोलीले उनीहरूलाई ब्राउनसुगरसहित नियन्त्रणमा लिएको हो।



भारतबाट नेपालतर्फ आउँदै गरेको प्रदेश नम्बर १ ०१-०१२ प ५९३३ नम्बरको मोटरसाइकलमा सवार अर्जुनधारा-४ रातेखालका २९ वर्षीय शिव दनवार र उक्त मोसामा पछाडि बस्ने सोही स्थानका २१ वर्षीय नितेश दनवारलाई शङ्का लागि चेकजाँच गरिएको थियो।

चेकजाँचका क्रममा कालो प्लास्टिकमा पोका पारी मुखभित्र लुकाइछपाई ल्याएको अन्दाजी दुई ग्राम ब्राउनसुगर फेला परेको थियो। सशस्त्रले उनीहरूलाई आवश्यक कारवाहीको लागि प्रहरी चौकी ज्यामिरगढीलाई बुझाइएको छ।


## स्रोत नखुलेको रकम बोकेपछि...

**झापा, फागुन ११।** सप्तरीको औरही गाउँपालिका-५ औरही चोकबाट स्रोत नखुलेको नगद १४ लाख रूपैयाँसहित बरियारपट्टी गाउँपालिका-३ शिवनगर बस्ने २१ वर्षीय संजितकुमार यादवलाई प्रहरीले पक्राउ गरेको छ।




प्रहरी चौकी औरहीबाट खटिएको प्रहरीले स. १० प ४०५ नम्बरको मोटरसाइकलमा सवार उनलाई उक्त रकमसहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।


**कार्की ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

**UPVC झ्याल ढोका**

टर्की ब्रान्डका UPVC ओरजिनल झ्याल, ढोका पार्टीसन लगाउनु परेमा हामीलाई सम्झनुहोस्।
गणपति UPVC झ्याल, ढोका-संसार
सम्पर्क : बिर्तामोड, चारपाने, सुरुङ्गा, दमक
९८५२६७१४२२, ९८१८२१०६७०

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

**हामीलाई सम्पर्क गर्नुहोस्**
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस्। हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं।
नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

विशेषज्ञ डाक्टरहरुको सेवा अब
**कान्तिपुर मेडिसीन सेन्टर**
उपचार हुने रोगहरु :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ
यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ। साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोनः ०२३-५३२८४५)

अब बिर्तामोडमा
**डा. पितामबर ठाकुर**
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या, मुटु सम्बन्धी समस्या, राति निद्रा नलाग्ने, छाती दुख्ने, फोक्सो सम्बन्धी समस्या, बाथ, थाईराईड, रक्तचाप, मधुमेह
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म

(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand

**आयुर्वेद उपचार**
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ। साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्कः ९८१८७९३९८६, ९८५२६८८९८६

शुद्ध दूधको स्वस्थ उत्पादन
**कोसेली**
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा"
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ।
कालिका डेरी,
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

**वैदेशिक रोजगार**
के तपाई विदेश जान चाहनुहुन्छ ? यदि भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने खगोल ओभरसिजलाई सम्झनुहोस्। यहाँबाट विभिन्न देशहरु दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा नेपाली कामदारहरु पठाउने व्यवस्था गरिएको छ।
सम्पर्कः ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

**सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोस्।**
कुनै पनि संस्था, बैंक, उद्योग, स्कूल, मार्केट लगायत जुनसुकै क्षेत्रमा सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोला। साथै सेक्युरिटीमा काम गर्न चाहने इच्छुक महिला तथा पुरुषहरुले पनि तुरुन्त सम्पर्क गर्नुहोला।
सम्पर्क :
सेक्टर वान सेक्युरिटी सर्भिस
बिर्तामोड-१, झापा, हिमरेश मार्ग
फोनः ९७०००६८५४०, ९८०१४४५००३

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३

DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको **शल्यक्रिया**
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**
१५ वर्षको अनुभवसँग तपाईको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस्! तपाईको सेवामा!
हाम्रो स्थानहरू :
बिर्तामोडमा हिकोला रोड
फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८


Ganapati Bakers
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस्।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

United International Group
**UAE मा रोजगारीको अवसर**
७ दिनमा भिषा आउने
कम्पनीः युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

**वैदेशिक रोजगार**
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस्। बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. :
023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस्। सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।

सम्पर्कः शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६११६४०६

**सिलिङ सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २X२ जिप्सन तथा २X२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस्।
बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)